# उद्धमी युवाः समृद्ध प्रदेश निर्माणमा टेवा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८

प्रस्तावनाः

युवाहरूको क्षमता विकास तथा परिचालनबाट उनीहरूको व्यवसायिक तथा आर्थिक विकासको साथसाथै प्रदेश र राष्ट्रकै समृद्धिमा मद्दत पुऱ्याउँछ । गण्डकी प्रदेश सरकारको नीति र कार्यक्रम तथा प्रथम पञ्चवर्षीय योजनाले गरेको युवा विकास तथा परिचालन सम्बन्धी उद्देश्य समेत हासिल गर्न **उद्धमी युवाः समृद्ध प्रदेश निर्माणमा टेवा** कार्यक्रम राखिएको हो । यो कार्यक्रम अन्तर्गत विनियोजित बजेट फलफूल खेती, जडिबुटी खेती, तरकारी खेती, पशुपंन्छी तथा मत्स्य पालन, बहुमूल्य प्रजातिका वनस्पति, खाद्य उद्योग, नगदेबाली जस्ता उत्पादनमुलक **उद्यम सञ्चालन गरिरहेका व्यक्तिगत अथवा सामूहिक फर्म वा कम्पनीलाई** उत्पादनको आधुनिकीकरण, व्यवसायीकरण तथा बजारीकरणमा सहयोग गर्न लक्षित हुनेछ ।

यस कार्यक्रमको कार्यान्वयन गर्न प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को अधिनमा रही युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशबाट यो मापदण्ड तयार गरिएको हो ।

१. उद्देश्यः

- उत्पादनमूलक उद्यममा आवद्ध व्यक्तिगत, सामूहिक फर्म वा कम्पनीलाई उत्पादनको आधुनिकीकरण, व्यवसायिकरण तथा बजारीकरणमा सहयोग गरी उत्पादन वृद्धि गर्नु ।

२. परिभाषाः

क. मन्त्रालय भन्नाले युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश भन्ने सम्झनु पर्छ ।

ख. **संस्था** भन्नाले अनुदान सहयोगको लागि आवेदन दिने फर्म, समूह, संस्था, समिति, कम्पनी जस्ता दर्ता भएका संस्थालाई सम्झनु पर्छ ।

ग. **स्थानीय** तह भन्नाले उद्यम सञ्चालनमा रहेको स्थानीय तह भन्ने सम्झनु पर्छ ।

घ. **सहयोग** अनुदान भन्नाले यस मापदण्ड बमोजिम छनौट भई नियमानुसार प्रदान हुने अनुदान भन्ने सम्झनु पर्छ ।

ङ. **उद्यम** भन्नाले फलफूल खेती, जडिबुटी खेती, तरकारी खेती, पशुपंन्छी पालन, बहुमूल्य प्रजातिका वनस्पति, नगदेबाली, खाद्य उद्यम लगायतका उद्यम सम्झनु पर्छ ।

च. लाभग्राही भन्नाले यस मापदण्ड बमोजिम अनुदान सहयोग प्राप्त गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

छ. **युवा** भन्नाले राष्ट्रिय युवा परिषद् ऐन २०७२ अनुसार १६ देखि ४० वर्षसम्मको नेपाली नागरिक सम्झनु पर्छ ।

३. **प्रस्ताव माग गर्नेः** (१) **उद्धमी युवाः समृद्ध प्रदेश निर्माणमा टेवा** कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव माग गर्न एक्काइस दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेभसाइट र सूचना पाटीमा समेत प्रकाशन गरिनेछ ।

प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश

४. **प्रस्ताव पेश गर्नेः** (१) **उद्यमी युवाः समृद्ध प्रदेश निर्माणमा टेवा** कार्यक्रममा सहभागी हुन इच्छुक संस्थाले अनुदान सहयोग माग गर्नका लागि अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(२) मन्त्रालयमा प्रस्ताव पेश गर्ने प्रक्रिया र समयावधि सूचनामा तोकिए बमोजिम हुनेछ ।

(३) संस्थाले उपदफा (१) वमोजिमको प्रस्ताव देहायका कागजात सङ्लग्न गरी पेश गर्नुपर्नेछ।

क) संस्था दर्ता तथा नवीकरण सम्बन्धी प्रमाण-पत्रको प्रतिलिपि,

ख) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

ग) उद्यमको लागि प्रयोग भएको जग्गा तथा भौतिक संरचनाको स्वामित्व खुल्ने प्रमाण अथवा कम्तिमा १० बर्षको लागि लिजमा लिएको प्रमाण,

घ) प्रस्तावित उद्यम प्रबर्धन योजना वा कार्यक्रम,

ङ) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिस,

(४) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्ने संस्था युवाद्धारा स्थापना भई सञ्चालन भएको हुनु पर्नेछ । संस्था सामुहिक भएमा कम्तिमा एकाउन्न प्रतिशत सदस्य युवा हुनुपर्ने छ ।

(५) यस कार्यक्रममा सहभागी हुन चाहने संस्था गण्डकी प्रदेशमा स्थापना भएको एवम् उत्पादन सम्बन्धी गतिविधि गरेको हुनुपर्नेछ ।

**५. प्रस्ताव मूल्याङ्कनका आधारहरुः** (१) दफा ४ को उपदफा (१) वमोजिम प्राप्त हुन आएका प्रस्ताव छनौटका आधारहरू देहाय वमोजिम हुनेछन् ।

१. उद्यम सुधारको कार्यक्रम
२. उपलब्ध जग्गा र भौतिक पूर्वाधार
३. युवा सहभागिता
४. रोजगारी सिर्जनाको अवस्था
५. प्राविधिक तथा व्यवसायिक सीप सम्बन्धी अध्ययन वा तालिम
६. उद्यम सञ्चालन भएको अवधि
७. भौगोलिक क्षेत्र

(२) मूल्याङ्कनका आधारहरूको अङ्क विभाजन **अनुसूची २** बमोजिम हुनेछ ।

६. **प्रस्तावको छनौट र स्वीकृतिः** (१) दफा ४ को उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव मूल्याङ्कन गरी मन्त्रालयमा सिफारिस गर्न देहायबमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| क) युवा क्षेत्र हेर्ने महाशाखा प्रमुख | संयोजक |
| ख) मन्त्रालयबाट मनोनित सम्बन्धित क्षेत्रका विज्ञ | सदस्य |
| ग) कानुन अधिकृत, | सदस्य |
| घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ) सम्बन्धित कार्यक्रम हेर्ने अधिकृत | सदस्य-सचिव |

(२) मूल्याङ्कन तथा सिफारिस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ आमन्त्रण गर्न सक्नेछ ।



प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश

(३) प्रस्ताव छनौट गर्नुभन्दा अघि मन्त्रालयले उद्यमको स्थलगत अनुगमन निरीक्षण गरी गराई दफा ५ बमोजिमका छनौट सम्बन्धी आधारहरूका विषयमा प्रतिवेदन लिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको मूल्यांकन तथा सिफारिस समितिले दफा ५ बमोजिमका आधारमा प्रस्ताव मूल्यांकन गरी मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

७. **छनौटसम्बन्धी निर्णयः** (१) दफा ६ को उपदफा (४) बमोजिम मूल्यांकन तथा सिफारिस समितिले अनुसूची २ बमोजिमका आधारमा मूल्याङ्कन गरी संस्था छनौट सम्बन्धी निर्णयका लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(२) छनौट भएका प्रस्तावको लागि दिइने रकम मूल्याङ्कन तथा सिफारिस समितिको सिफारिसमा मन्त्रालयबाट निर्णय हुनेछ ।

८. **अनुदान सहयोग प्रदान गर्ने सम्बन्धी व्यवस्थाः** दफा ७ उपदफा (२) बमोजिमको अनुदान रकम बढिमा ५ लाख हुनेछ ।

९. **कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौताः** (१) दफा ७ बमोजिम स्वीकृत अनुदान रकम प्रदान गर्न उद्यम सञ्चालन गर्ने संस्था र मन्त्रालयका बीचमा अनुसूची ३ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा मन्त्रालयले प्रदान गर्ने सहयोग अनुदान रकम, प्रदान गरिने प्रक्रिया तथा संस्थाले गर्नुपर्ने उद्यम, राख्नुपर्ने लेखा, प्रतिवेदन आदि विषयहरू समेटिनेछ ।

(३) छनौट भएको संस्था तोकिएको समयभित्र कारणवश सम्झौता गर्न नआएमा मन्त्रालयले निर्णय गरी बैकल्पिक संस्थाहरूमध्ये उच्चतम अङ्क प्राप्त गरेका संस्थालाई सो अनुदान सहयोग प्रदान गर्न सक्नेछ।

१०. **लागत साझेदारी सम्बन्धी व्यवस्थाः** सहयोग अनुदान प्राप्त गर्ने संस्थाले साझेदारीको रुपमा मन्त्रालयबाट स्वीकृत रकमको कम्तीमा बीस प्रतिशत रकम लागत साझेदारी गर्नुपर्नेछ।

११. **विवरण सार्वजनिक गर्नुपर्नेः** दफा ७ बमोजिम उद्यमको लागि अनुदान सहयोग प्राप्त गर्ने अनुदानग्राही र प्रदान गरिने रकम सहितको विवरण मन्त्रालयले सार्वजनिक गरी सोको जानकारी अनुदानग्राहीलाई समेत दिनुपर्नेछ ।

१२. **कार्यक्रम संचालनः** दफा ९ बमोजिम सम्झौता भएको १५ दिनभित्र सम्बन्धित सहयोग अनुदान लिने संस्थाले सम्झौता बमोजिमको कार्य प्रारम्भ गर्नुपर्नेछ र सोको जानकारी मन्त्रालयलाई दिनुपर्नेछ ।

१३. **उद्यमका क्षेत्रहरुः** उत्पादनको लागि प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम हुनेछन् ।

क) फलफूल खेती  ख) जडिबुटी खेती  ग) तरकारी खेती

घ) पशुपालन  ङ) बहुमूल्य प्रजातिका वनस्पति  च) खाद्य उद्यम

छ) अन्य उद्यम

१४. **सहयोग अनुदान प्रदान सम्बन्धी व्यवस्थाः** (१) सहयोग अनुदान रकम सम्झौतामा उल्लेख भए बमोजिम सम्वन्धित संस्थाको बैङ्क खातामा प्रदान गरिनेछ ।

प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल



मा. मन्त्री राजीव गुरुङ युवा तथा खेलकुद मन्त्रालय

(२) उपदफा (१) बमोजिमको रकम उद्यमको कार्य प्रगतिको आधारमा बढिमा दुई किस्तामा उपलब्ध गराइनेछ । सम्झौता बमोजिमको कार्य सम्पन्न भएपश्चात दफा १७ बमोजिमको प्रगति प्रतिवेदन प्राप्त भएपछि अन्तिम किस्ता भुक्तानी हुनेछ ।

(३) अनुदान सहयोग वापत लिएको रकम तोकिएको काममा प्रयोग नगरेमा सरकारी बाँकी सरह असुल उपर गरी नियमानुसार कारवाही गरिनेछ ।

१५. **लाभग्राहीले पालना गर्नुपर्ने अन्य शर्तहरुः** यस कार्यक्रममा अनुदान सहयोग प्रदानको लागि छनौट भएका संस्थाहरूले देहाय बमोजिमका सर्तहरू पालना गर्नुपर्नेछ ।

क. सम्पूर्ण आर्थिक कारोबार बैंकिङ प्रणालीमार्फत गर्नुपर्नेछ,

ख. संस्थाको हरहिसाब स्वीकृत लेखा प्रणाली अनुसार राख्नुपर्नेछ,

ग. उद्यम सञ्चालन गर्दा वातावरण संरक्षण लगायत सार्वजनिक हितका कुरामा ध्यान दिनुपर्नेछ ।

घ. भौतिक संरचनाको निर्माण तथा खरिद सम्बन्धी कार्य प्रचलित कानुनको अधिनमा रही गर्नुपर्नेछ ।

१६. **कार्यक्रम अनुगमनः** (१) कार्यक्रमको अनुगमन मन्त्रालयले गर्ने गराउनेछ ।

(२) अनुगमनको सिलसिलामा मन्त्रालयका पदाधिकारी, विज्ञ तथा कर्मचारीबाट दिइएका निर्देशन एवं सुझावहरु पालना गर्ने जिम्मेवारी उद्यम सञ्चालन गर्ने संस्थाको हुनेछ ।

(३) यस कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न अनुगमन, मूल्याङ्कन, सूचना प्रकाशन जस्ता कार्यको लागि यस कार्यक्रमको कूल बजेटको दुई प्रतिशतसम्म रकम खर्च गर्न सकिनेछ ।

१७. **प्रगति प्रतिवेदनः** अनुदान सहयोग प्राप्त गर्ने संस्थाले कार्यक्रम सम्पन्न भएपश्चात अनुसूची ४ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१८. अन्य व्यवस्थाः यस मापदण्डमा उल्लेख नभएका व्यवस्थाहरूको हकमा गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" र प्रचलित कानून बमोजिम हुनेछ ।

प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

मा. मन्त्री राजीव गुरुङ
युवा तथा खेलकुद मन्त्रालय

अनुसूची १

(दफा ४ को (१) सँग सम्बन्धित)

अनुदान सहयोगको लागि पेश गर्नुपर्ने प्रस्तावको ढाँचा

१. संस्थाको नाम र ठेगानाः ................ .................. ................ स्थापना/दर्ता मितिः ...........
जिल्ला ........... न.पा./गा.पा. ........................................नं वडा ....... टोलः ........

२. उद्यम सञ्चालन भएको मितिः ............

३. संस्थाका सदस्यहरूः

| सि.नं. | नाम थर | ठेगाना र नागरिकता नं | उमेर | सम्पर्क नं | लगानीको हिस्सा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

४. सम्पर्क व्यक्तिको नाम र पदः......... .................. ...........सम्पर्क नंः ........................
इमेल ठेगानाः .......................... ............................

५. उद्यमको क्षेत्रः ...................................... (दफा १३ बमोजिम)

६. उद्यममा भएको हालसम्मको लगानी रकमः .................. अन्तिम लगानी लक्ष्यः ....................

७. उद्यमबाट प्रदान भएको रोजगारी सङ्ख्याः ................. थप सिर्जना हुनसक्ने रोजगारीः ..........

८. उद्यमबाट उत्पादन हुने वस्तु र सेवाहरूको विवरणः ....................... .....................
..................... .......... ...... ........ .................. ..................... ..................

९. जग्गाको क्षेत्रफल र भौतिक पूर्वाधारः ..................

१०. प्राविधिक तथा व्यवसायिक सीप सम्बन्धी अध्ययन वा तालिमको विवरणः ..... .........
............ .............. ......... ............. ......... ............. ......... ........... ............

११. उद्यम सफल हुने आधारहरूः
....................... .......................... .......................... ..........................

१२. उद्यम सुधारको कार्यक्रम यसै साथ संलग्न गर्नुपर्न ।

यस प्रस्तावमा म/हाम्रो संस्थाले पेस गरेका कागजात तथा विवरणहरू ठीक साँचो हुन् एवम् गत दुई वर्षमा प्रदेश सरकारबाट कुनै पनि अनुदान सहयोग प्राप्त नगरेको स्वघोषणा गर्दछु/गर्दछौं ।

नामः............................ पदः ................

हस्ताक्षरः संस्थाको छापः

प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

५

मा. मन्त्री राजीव गुरुङ युवा तथा खेलकुद मन्त्रालय

अनुसूची -२

प्रस्ताव मूल्याङ्कनका आधार र अङ्क विभाजन

(दफा ५ को (२) सँग सम्बन्धित)

दफा ५ बमोजिमका प्रस्ताव मूल्याङ्कनका आधारहरुको अङ्क विभाजन तपसिल बमोजिम हुनेछ

| सि.नं. | मूल्याङ्कनका आधार | अङ्क | अङ्क दिने मापदण्ड |
|---|---|---|---|
| १ | उद्यम सुधारको कार्यक्रम | २० | मूल्याङ्कन समितिले उत्पादनमा हुनसक्ने बृद्धि, उत्पादनका क्षेत्रको विस्तार, आधुनिकीकरण, दीगोपनको लागि प्रति आधार ५ अङ्कको दरले मूल्याङ्कन गर्ने । |
| २ | उपलब्ध जग्गा र भौतिक पूर्वाधार | २० | उद्यमको लागि आवश्यक जग्गा, भवन, प्रविधि/उपकरण र उद्यम सम्बन्धी पूर्वाधारको लागि प्रति आधार ५ अङ्कको दरले मूल्याङ्कन गर्ने । |
| ३ | युवाको सहभागिता | २० | १०० % युवा भएमा २०, ७५ % भन्दा बढि भएमा १५ र ५१ % भन्दा बढि भएमा १० |
| ४ | रोजगारी सिर्जनाको अवस्था | २० | प्रति १ जना रोजगारीको २ अङ्कका दरले । खेलाडीलाई रोजगारी प्रदान गरेकोमा प्रति खेलाडी ४ अङ्क । |
| ५ | भौगोलिक क्षेत्र | १० | क वर्गको लागि १० अङ्क<br>अन्य वर्गको लागि ५ अङ्क<br>(निजामती सेवा नियमावली, २०५० (संशोधन सहित) को अनुसूची १६ बमोजिम) |
| ६ | उद्यम सञ्चालन भएको अवधि | ५ | प्रति एक वर्षको लागि एक अङ्कका दरले । |
| ७ | प्राविधिक तथा व्यवसायिक सीप सम्बन्धी अध्ययन वा तालिम | ५ | तालिम वापत- २ अङ्क<br>योग्यता/अध्ययन वापत- ३ अङ्क |
| | जम्मा | १०० | |

प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

मा. मन्त्री राजीव गुरुङ
युवा तथा खेलकुद मन्त्रालय

## अनुसूची ३

### सम्झौताको ढाँचा

(दफा ९ को (१) सँग सम्बन्धित)

........... जिल्ला ..... ..... ........ ............... .....नगरपालिका/गाउँपालिका वडा नं. ......... स्थित ......................................... र युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशका बीचमा उद्धमी युवाः समृद्ध प्रदेश निर्माणमा टेवा कार्यक्रम सञ्चालन सम्बन्धमा तपसिल बमोजिमको सम्झौता गरिएको छ ।

(क) कार्यक्रमको विवरण

१.संस्थाको नामः .......................................... ठेगानाः .............................

२.उद्यमको क्षेत्रः .............................

३.उद्यम स ञ्चालन हुने स्थलः .............................

५.कार्यक्रम सुरु हुने मितिः ...................

(ख) कार्यक्रमको लागत

१. कार्यक्रमको कूल लागत रुः................। (अक्षरेपी................................) मात्र

२. लागत व्यहोर्ने स्रोतहरूः

२.१. युवा तथा खेलकुद मन्त्रालयः रु................ ........

२.२. सम्बन्धित संस्थाः रु ........................

२.३. अन्य स्रोतबाटः रु ................

(ग) कार्यक्रम कार्यान्वयन गर्दा सम्पन्न गरिने मुख्य कार्यहरु र अनुमानित लागतको विवरणः

| सि.नं. | मुख्य कार्यहरु | परिमाण | अनुमानित लागत | सम्पन्न गर्न लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

(घ) कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

माथि उल्लेखित व्यवस्था र शर्त अनुसार आयोजना कार्यान्वयन गर्न गराउन हामी निम्न पक्षहरू मन्जुर गर्दछौं ।

**संस्थाको तर्फबाट**

दस्तखतः

नाम थरः ..................

छाप

**मन्त्रालयको तर्फबाट**

दस्तखतः

नाम थरः ..............................

छाप

प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

मा. मन्त्री राजीव गुरुङ
युवा तथा खेलकुद मन्त्रालय

अनुसूची- ४

## प्रगति प्रतिवेदनको ढाँचा

(दफा १७ सँग सम्बन्धित)

१. संस्थाको नामः ................ ..................... ................ सम्पर्क नं ............ ................
जिल्ला ........... न.पा./गा.पा. .........................................नं वडा .......... टोलः ........

२. यस आ.ब.मा भएका मुख्य मुख्य कार्यहरूः

| सि.नं. | कामको विवरण | कामको परिमाण | भएको खर्च | प्राप्त उपलब्धि वा नतिजा | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

३. यस बर्ष भएको थप रोजगार सिर्जनाको विवरणः ................ ............ ..................

४. उत्पादनको बजार तथा विक्रीवितरणको अवस्थाः

| सि.नं. | उत्पादित सामग्री को विवरण | उत्पादनको मात्रा | बिक्रीको परिमाण | भएको आम्दानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

५. आगामी कार्ययोजनाको विवरणः

| सि.नं. | कामसम्बन्धी विवरण | परिमाण | लाग्ने खर्च | अपेक्षित नतिजा | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

६. प्रगति सम्बन्धी थप विवरणः .................... ..................... .....................
.................... ....................... ....................... ................. ..............

नामः.............................. पदः ................

हस्ताक्षरः संस्थाको छापः

प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

मा. मन्त्री राजीव गुरुङ
युवा तथा खेलकुद मन्त्रालय